CDO-KTM Reg. 355, SWC Reg. 26150

# GoGo Foundation
## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

Our Ref:

मिति: २०६९ चैत्र ५

### प्रेस विज्ञप्ती

नेपालका प्रधानन्यायाधिश खिलराज रेग्मीको नेतृत्वमा अन्तरीम चुनावी सरकारको गठनसँगै मुलुक संविधानसभाको निर्वाचन तर्फ अगाडी बढेको छ । लामो समयदेखि अवरूद्ध रहेको राजनीतिक गतिविधी यससँगै चलायमान र गतिशिल भएको छ । प्रमुख राजनीतिक दलहरूबीचमा बनेको सहमतीले मुलुकमा संविधानसभाको निर्वाचन हुने आधारहरू देखा परेको छ । यसले पक्कै पनि मुलुकमा सकारात्मक प्रभाव पार्ने विश्वास गोगो फाउण्डेसनले लिएको छ ।

आगामी असारको पहिलो साताभित्रै दोश्रो पटक संविधानसभाको निर्वाचन सम्पन्न गर्नको लागि सरकार एक्लैले मात्र सम्भव नहुने भएकाले अन्य सम्पूर्ण पक्षले आ आफ्नो तर्फबाट चुनावी वातावरण बनाउन जरूरी छ । निर्वाचन आयोगमा दर्ता भएका र दर्ता हुने प्रक्रियामा रहेका राजनीतिक दलहरू, नागरिक समाज, पत्रकार, पेशागत संघसंगठन, प्राध्यापक, विद्यार्थीलगायतका सम्पूर्ण पक्षको दरिलो सहकार्य र समन्वयमा मात्र संविधानसभाको निर्वाचन समयमै सम्पन्न हुनसक्छ । त्यसको लागि नेपाली समाजका सम्पूर्ण तह र तप्काका नागरिकका साथै अन्तर्राष्ट्रिय समुदायकोसमेत सकारात्मक साथ, सहयोग र सहकार्यको आवश्यकता रहेको छ ।

वास्तवमा हरेक व्यक्ति, राजनीतिक दल, नागरिक समाजलगायत अन्य पेशागत संघसंस्था तथा पेशाकर्मीको बीचमा मतभिन्नता, फरक सोचाई र दृष्टिकोण हुनु स्वभाविक हो । तर यतिखेर हामी आफुहरूको बीचको भिन्नता कम गर्दै राष्ट्रिय आवश्यकता र मुलुकको भविष्यको लागि सम्पूर्ण पक्ष एकै ठाउँमा उभिनु जरूरी छ ।

यतिखेर राष्ट्रका सम्पूर्ण पक्ष तथा निकायको ध्यान असारको पहिलो साता भित्रमै संविधानसभाको निर्वाचन गराउँने तर्फ हुनु जरूरी छ । त्यसैले गोगो फाउण्डेशन सम्पूर्ण पक्षलाई एक स्थानमा आएर संविधानसभाको निर्वाचन समयमै सम्पन्न गराउँने काममा सहकार्य गर्नको लागि हार्दिक अपिल गर्दछ ।

धन्यवाद ।

केदार खड्का
अध्यक्ष
गोगो फाउण्डेशन